# प्रसूति गृहले सुरु गर्‍यो नयाँ भवनबाट उपचार




■ सौर्य समाचार

काठमाडौं । परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पतालले कुपण्डोलस्थित नयाँ भवनबाट स्त्रीरोगको बहिरंग सेवा सुरु गरेको छ । नयाँ भवनमा यसअघि सुरक्षित गर्भपतनलगायत सेवा सञ्चालन भइरहेकामा अस्पतालले स्त्रीरोगको बहिरंग सेवा पनि सुरु गरेको हो ।

नयाँ भवनको भुइँ तल्लामा सोधपुछ कक्ष, टिकट काउन्टर, औषधि बिक्री कक्ष, ओपिडी, भिडियो-एक्सरे, प्रयोगशालाको सुविधा छ भने पहिलो तल्लामा सुरक्षित गर्भपतन सेवा, परिवार नियोजन सेवा सुविधा छ । साढे ५ तल्लाको भवनको माथिल्लो तल्लामा छात्रावास छ । अस्पतालका निर्देशक डा. श्रीप्रसाद अधिकारीले आइतबारदेखि नयाँ भवनबाट आंशिक रूपमा स्त्रीरोगको बहिरंग सेवा सुरु गरेको जानकारी दिए । उनले भने, 'नि:सन्तान तथा सुरक्षित गर्भपतन सेवा हामीले यसअघि सुरु गरिसकेका छौं । हाललाई स्त्रीरोगको ओपिडी सेवा सुरु गरेका हौं ।'

अस्पतालले यो नयाँ सेवाबाहेक नि:सन्तान उपचारलगायत गर्भपतन सेवा गत असार १६ गतेदेखि सञ्चालन गरेको थियो । डा. अधिकारीका अनुसार थप स्रोतसाधनको व्यवस्था भए अस्पतालले भविष्यमा थापाथलीबाट दिइरहेको स्त्रीरोगको सम्पूर्ण सेवा नयाँ भवनबाट दिइनेछ । उनले भने, ' अहिले सेवा सुरु मात्र गरेका छौँ । बिरामीको चाप हेरेर सेवा विस्तार गर्दै लान्छौँ । उपकरणहरू थप्नुपर्नेछ । स्रोतसाधन थप्नका लागि स्वास्थ्य मन्त्रालयले सहयोग गर्ने अठोट गरेको छ । व्यवस्थापन भएमा सम्पूर्ण सेवा यतै सार्नेछौँ ।'

आगामी दिनमा यही भवनबाट विशिष्टीकृत सेवा पनि सुरु गर्ने लक्ष्य रहेको डा. अधिकारीको भनाइ छ । पाठेघरको क्यान्सर, पिसाब चुहिने समस्यालगायत विभिन्न विशिष्टीकृत सेवा सुरु गर्ने लक्ष्य रहेको उनले बताए । नयाँ भवनबाट सेवा दिन थालिएपछि थापाथलीको मुख्य भवनमा सेवाग्राहीको चाप घट्ने र सेवा थप सहज हुने विश्वास गरिएको छ । स्त्रीरोग उपचारका लागि सरकारी स्तरमा एकमात्र केन्द्रीय 'रिफरल' अस्पताल रहेकाले पनि प्रसूति गृहमा बिरामीको चाप धेरै हुन्छ । दैनिक ८ सयदेखि हजार जनासम्म बिरामीले अस्पतालमार्फत् सेवा लिने गरेका छन् ।

# लिच्छविकाल झल्काउँदै हाँडीगाउँ

■ सौर्य समाचार



काठमाडौं । काठमाडौं महानगरपालिकाको बीच भागमा रहेको लिच्छविकालीन हाँडीगाउँ क्षेत्रलाई जीवन्त सांस्कृतिक सहरका रूपमा विकास गर्न लागिएको छ । काठमाडौं महानगरपालिका-५ मा पर्ने यो बस्ती लिच्छविकालीन सहर भए पनि आधुनिक विकासका कारण यहाँका मूर्त, अमूर्त सम्पदाको अस्तित्व संकटमा पर्दै जान थालेका थिए । प्राचीनकालदेखि नै महत्वपूर्ण सम्पदा रहेकामा आधुनिक विकासका छायामा पर्न थालेका यी संरचना महानगरपालिकाको सक्रियतामा फेरि जीवन्त बनाउन लागिएको हो ।

हाल मुख्य सम्पदा क्षेत्रमा प्रत्येक हप्ताको शनिबार एक दिन सवारीसाधन निषेध गर्ने गरिएको छ । महानगरपालिका–५ का वडाध्यक्ष वीरेन्द्र प्रजापतिले सम्पदा क्षेत्रमा पैदलयात्रा गर्न सहज होस् भनी महानगरपालिकाकै सक्रियतामा यस्तो व्यवस्था गरिएको बताए । यहाँ मुख्य सम्पदा क्षेत्रका रूपमा रहेका थटुटोल मार्ग, डटुटोल, कोटालटोल, गहनापोखरी र ङ्याल्माटोल क्षेत्रमा शनिबार सवारीसाधन निषेध गर्ने गरिएको उनले जनाए ।

महानगर परिषद्ले हाँडीगाउँको मुख्य क्षेत्रमा बढीमा ५० फिटभन्दा अग्ला घर बनाउन नपाउने निर्णय पनि गरेको छ । यस क्षेत्रका घरको अगाडिको भाग मौलिक संस्कृति झल्किने गरी बनाउनुपर्ने व्यवस्था पनि गरिएको छ । यसरी मौलिक घर बनाउँदा नक्सापासको ९० प्रतिशत शुल्क छुट गरिएको छ । मौलिक रूपमा निर्माण हुने घरलाई नक्सापासमा छुटका साथै ४ वर्ग छुट्याएर ८ लाखदेखि ३२ लाख रुपैयाँसम्म अनुदान दिने व्यवस्था गरिएको महानगरपालिकाले जनाएको छ ।

मुख्य सम्पदा क्षेत्रमा पर्ने ६४ घरलाई मौलिक स्वरूपमा निर्माण गर्न लागिएको छ । यहाँका ५ वटा ढुंगेधारालाई व्यवस्थित बनाइँदै छ । प्राचीनकालमा यहाँ स्थापना भएर आधुनिकतासँगै पुरिएका ३ वटा इनार उत्खनन गरिएको छ । लुकमाचोकको इनार, तुंछें र हात्तीमहाँकाल मार्गका गरी ३ इनार उत्खनन गरिएको हो ।

हाँडीगाउँ क्षेत्रका पुराना फल्चाको स्वरूपलाई आकर्षक बनाइँदै छ । प्रत्येक हप्ता शनिबार सवारी निषेध, सांस्कृतिक कार्यक्रम, परम्परागत नेवारी खाना प्रदर्शन गरी जीवन्त हाँडीगाउँका रूपमा सांस्कृतिक सहरको परिचय दिने गरी व्यवस्था गरिएको महानगर-५ को कार्यालयले जनाएको छ ।

यहाँको भीमसेनस्थानमा फल्चासहितको पुस्तकालय निर्माणका लागि बोलपत्रको तयारी गरिएको जनाइएको छ । २ करोड ८० लाख रुपैयाँ लागतमा सो पुस्तकालय निर्माण गर्न लागिएको हो । २ महिनाभित्रमा हाँडीगाउँ क्षेत्रका सबै सडक कालोपत्र सकिने गरी काम अघि बढाइएको पनि वडाध्यक्ष प्रजापतिले जानकारी दिए । धनगणेश मन्दिर क्षेत्रको पुनर्निर्माण पनि अन्तिम चरणमा पुगेको जनाइएको छ ।

# बाढीपीडितले अझै पाएनन् राहत

■ सौर्य समाचार

ललितपुर । गत असोज १२ गते आएको बाढीले दक्षिण ललितपुरका ३ स्थानीय तहमा ठुलो क्षति पुर्‍यायो । १०० भन्दा बढी घर विस्थापित भए । बाढीले क्षति पुर्‍याएको ३ महिना बित्दासमेत सरकारले उपलब्ध गराउने भनेको ५० हजार रुपैयाँ राहत रकममध्येको पहिलो किस्ता २५ हजारसमेत पीडितले प्राप्त गरेका छैनन् ।

ललितपुर महानगरपालिकाको नख्खु करिडोर, महांकाल गाउँपालिकाको थोत्ने खोला, कोन्ज्योसोम गाउँपालिका र बाग्मती गाउँपालिकामा बाढीले ठुलो क्षति पुर्‍याएको थियो । थोत्ने खोलाको बाढीले ४८ घर पूर्ण रूपमा विस्थापित छन् । दिनानुदिन चिसो बढ्दै गएकाले बासको व्यवस्था गर्न नसकेको पीडितको गुनासो छ ।

३ वटै पालिकाको सिफारिसमा क्षति विवरण आएपछि राहत रकम स्वरुप पहिलो किस्ताबापतको २५ हजार रुपैयाँ प्रदान गरिने ललितपुरका प्रमुख जिल्ला अधिकारी रमेश ढकालले जानकारी दिए । उनले भने, 'पालिकाको सिफारिसमा आएको क्षति विवरणसहितको फारम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनलाइनमा अपडेट गरेपछि प्रक्रिया अगाडि बढ्नेछ ।'


प्रदेश सरकार

कोशी प्रदेश

**स्वास्थ्य मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

**जिल्ला अस्पताल खोटाङ**

**एम्बुलेन्स खरिद सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः- २०८१/०८/१८**

यस अस्पतालका लागि आवश्यक १(एक) थान (ख) वर्गको एम्वुलेन्स सार्वजनिक खरिद ऐन, २०६३( संशोधित सहित) को दफा ८ को उपदफा १(क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित सहित) को नियम ३१(ख) बमोजिम एम्वुलेन्स उत्पादक (manufacturer) कम्पनी तथा सो को आधाकारिक विक्रेता (Importer) हरु वीच प्रतिश्पर्धा गराई क्याटलग सपिङ्ग (Catalogue Shopping) विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) को उपनियम(२) अनुसार संलग्न स्पेसिफिकेशन अनुसारको एम्वुलेन्स विक्री गर्न चाहाने उत्पादक वा आधिकारिक विक्रेताहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र आवश्यक कागजातसहित कार्यालय समयभित्र प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ।

विस्तृत स्पेसिफिकेशन यस कार्यालयको Website :https://khotanghospital.koshi.gov.np बाट डाउनलोड गर्नसकिनेछ र विस्तृत जानकारीको लागि 9852849576 वा 036-420576 मा सम्पर्क गर्न सकिनेछ ।

**प्रस्तावकर्ताले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः-**

1. नविकरण गरिएको फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
2. मुल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
3. आ.ब. २०७९/०८०को कर चुक्ता प्रमाण पत्र ।
4. खरदि सम्वन्धी कारवाहीमा नपरेको स्वःघोषणा पत्र ।
5. Technical Specification प्रमाणित गर्ने रंगिन व्रोसर(Catalogue)।
6. आफ्नो मालसामानको बजार मुल्य प्रमाणित गर्ने कागजात (पत्रिकामा प्रकाशित भएको वा कम्पनीको लेटर प्याडमा आधिकारीक व्यक्तिले सहिछाप गरी प्रमाणित गरेको कागजात ।
7. Warranty वा Guarantee सम्वन्धित कागजातहरु ।
8. यस कार्यालयलाई सम्बोधन गरी लेखिएको सम्वन्धित उत्पादकले प्रदान गरेको Manufacturers Authorization letter
9. कार्यालयबाट जारी भएको Technical Specification भरी पेश गर्नुपर्नेछ ।

**आवश्यक एम्वुलेन्स विवरण**

| S. N. | Contract No | Description of work | Type Of Vehicle | General Specifications | Qty |
|---|---|---|---|---|---|
| 1 | DHO/2081/82-01 | Procurement Of Ambulance | 4WD Ambulance | 4WD Hard top jp, Right Hand drive model suitable for driving in Nepal.Gross Vehicle shall not be less than 2500 Kgs and shall have seating capacity for at least driver , passenger and patient | 1(one) |

**नि.मेडिकल सुपरिटेण्डेण्ट**



**स्थानीय सरकार**

**नेचासल्यान गाँउपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**नेचावेतघारी, सोलुखुम्बु**

**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रकाशित मितिः २०८१।०८।१८*

यस कार्यालयको मिति २०८१ कार्तिक १२ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार दर्ता हुन आएको विद्युतिय बोलपत्रहरु मूल्याङ्कन हुँदा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लगि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.सं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगना | कबोल गरेको रकम छुट सहित (मु अ कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | NRSM-SOL-G-M-01-2081/82 Procurement of Supply and Delivery Medicine | भिमदेवी मेडिसिन सप्लायर्स, क्षेत्रपाटी काठमान्डौ। | १३,२४,०७५.४१ | |

प्रमुख प्रशासकीय अधिकृत



**Invitation for Bids**

**(Notice No: 02-2081/82)**

**(Date of Publication: 2081/08/18, Dec 03. 2024)**

1. Mechanical Office Nuwakot invites Open Competitive Bidding (E-Bids only) from eligible bidders for the Building and Compound wall Construction Works under National Competitive Bidding as follows.

| IFB No. | Contract no. | Description and location of works | Estimated amount (Inclusive VAT) NRs. | Qualification Criteria | Bid Security Amount , NRs. | Price of Bid document, NRs. |
|---|---|---|---|---|---|---|
| 02-081/ 82 (1) | Mechanical/ 33701013/081/82-02 | Construction of Consecutive Office Building -2(Package-II) | 58,14,315.17 | NA | 145,000/- | 3000 |

2. Pre Bid Meeting, Bid Submission and Bid Opening Dates are as given below.

| IFB No. | Pre-Bid Meeting Date | Last Date of Bid Submission | Bid Opening Date and Address | Details of Bank for deposit of Cost for Bid Document | Details of Bank for Cash Deposit for Bid Security |
|---|---|---|---|---|---|
| 02-081/ 82(1) | 2081/09/07 13.00 hrs Dec 22,2024 | 2081/09/19 12.00 hrs Jan 02,2025 | 2081/09/19 13.00 hrs Jan 02,2025 | Name of the Bank: Nepal Bank Limited Trishuli Revenue A/c Name: Mechanical Office, Nuwakot (Office Code No.: 337012903) Account No.: 00101000000001001001 Rajaswa (revenue) Shirshak no.:14229 | Name of the bank: Nepal Bank Limited, Trishuli A/C: Deposit Account District Treasury Office, Nuwakot (Office Code No.: 337012903) Account No.: 026-01-000002003000001 |

3. Bidders may obtain further information at the office Name: Mechanical Office Nuwakot, Location: Bidur, Nuwakot; mailing address: monuwakot@gmail.com,Telephone: 010-561453, mob 9851317353 or may visit PPMO's e-procurement website: www.bolpatra.gov.np/egp.
4. Any amendment in the tender notice will be published in the notice board of Mechanical Office,Road Division, Nuwakot and e-procurement section of PPMO's website: www.bolpatra.gov.np/egp.
5. Interested bidders should submit online bids through e-procurement portal www.bolpatra.gov.np/egp. only on or before stipulated time mentioned in above table. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 and User manuals issued by PPMO, which are available in e-GP system.
6. The Bid Validity Period/Bid Security Validity Period of each contract shall be 90 Days/ 120 Days from the date of bid opening.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. The matters not covered in this tender notice shall be in accordance with the latest amendments of Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.

**Office Chief**



**नेपाल सरकार**

**शहरी विकास मन्त्रालय**

**शहरी विकास तथा भवन निर्माण विभाग**

**संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय**

**धनुषा, जनकपुरधाम**

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**

**प्रकाशन मिति : २०८१।०८।१८**

यस कार्यालयबाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Work | Name and Address of Bidder | Bid Amount (W/O VAT) |
|---|---|---|---|---|
| 1. | FPIU/Dhanusha/ Works/NCB/71-2081/82 | Construction of Baba Gobindnath Dharmasala at Bindhi, Janakpurdham Sub-Metropolitan City, Dhanusha | Earth master Engineering Consultancy & Construction Pvt. Ltd., Janakpurdham-19, Dhanusha | 69,55,646.88 |
| 2. | FPIU/Dhanusha/ Works/NCB/72-2081/82 | Construction of Ramjanki Community Building at Gajariya, Laxminiya Rural Municipality, Dhanusha | Munal and Utsav Nirman Sewa Pvt. Ltd., Dhanushadham Na.pa.-7 | 48,76,714.94 |
| 3. | FPIU/Dhanusha/ Works/NCB/73-2081/82 | Infrastructure Construction Works at Mukhiyapati Musarniya Rural Municipality-01, Dhanusha. | Hulk Construction & Suppliers Pvt. Ltd., Janakpurdham-2,Dhanusha | 61,23,109.97 |
| 4. | FPIU/Dhanusha/ Works/NCB/74-2081/82 | Upgradation of Road at Mukhiyapati Musarniya Rural Municipality, Nagrain Municipality and Dhanauji Rural Municipality. | Ashish & Ashwin Construction, Janakpurdham-16 | 48,51,365.37 |
| 5. | FPIU/Dhanusha/ Works/NCB/76-2081/82 | Maintenance Works of Conference Hall of Mahendra Narayan Nidhi Mithila Cultural Center at Janakpurdham Sub-Metropolitan City, Dhanusha | SB-MGC JV, Mithila Municipality-08, Dhanusha | 49,43,783.75 |

**कार्यालय प्रमुख**